"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान"

# रम्भा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## पिपलडाँडा, खोक्खोला, पाल्पा

आ.व.२०७९/०८०

# वार्षिक नीति तथा कार्यक्रम

पेश गर्ने मिति : २०७९/०३/१०

# आर्थिक वर्ष ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

प्रकृति र सस्कृतिले समृद्ध रम्भा गाउँपालिकाको गरीमामय गाउँ सभामा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नुभएकोमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दै अभिवादन टक्र्याउँदछु ।

मुलकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने अभियानमा जीवन आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जाली अपर्ण गर्न चाहन्छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि संघ, प्रदेश र स्थानीय तह गरी ३ तहबाट शासन व्यवस्था संचालन भैरहेको सर्वविधितै छ। जसअनुसार मुलुकमा ७५३ वटा स्थानीय सरकार कायम भै सुचारु रुपले संचालनमा छन । संविधानको भाग १७ मा व्यवस्था गरेको स्थानीय कार्यपालिका र भाग १८ मा व्यवस्था भएको स्थानीय व्यावस्थापिका गठन भै संचालनमा आइरहेका छन । वर्तमान संविधानको धारा २२२ बमोजिम गठित गाउँमा तथा अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय तहको एकल अधिकार तथा अनुसूची ९ मा व्यवस्था गरिएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार र मौलिक हकहरूलाई समेत आधार मानी आर्थिक वर्ष ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँअधिवेशन समक्ष पेश गर्दछु।

नेपालमा रहेका ७५३ वटा स्थानीय सरकार मध्ये रम्भा गाउँपालिका पाल्पा जिल्लाको तानसेन देखि करिव २४ कि.मि. पूर्वी भागमा अवस्थित छ | उत्तर तर्फ विश्वकै एकमात्र पवित्र कालीगण्डकी नदी र दक्षिण तर्फ माडी फाँटको काखमा अवस्थित छ, जसको पूर्वमा रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिका, उत्तरमा कालीगण्डकी नदी, दक्षिणमा माथागढी गाउँपालिका, पश्चिममा बगनासकाली गाउँपालिका पर्दछन । यस गाउँपालिकाको नामकरण यसै गाउँपालिका वडा नं.५ मा अवस्थित प्रसिद्ध शक्ति पिठ रम्भादेवीको नामबाट रहेको पाइन्छ । रम्भा गाउँपालिका ८३° ४१′२०" पूर्वी देशान्तर र २७° ५१′५८" उत्तरी अक्षांसमा ९४.१२ वर्ग कि.मि.मा फैलिएको छ भने उचाईका हिसावले पाल्पा जिल्लाका अग्ला लेकहरु मध्ये रिमिघा लेक यहीं पर्दछ, जसको उचाई १७९४ मी. छ भने सबै भन्दा होचो भाग कालीगण्डकीको किनार हुँगी हो, जसको उचाई ७५० मी. छ। यो गाउँपालिकामा सबै भन्दा बढी मगरहरुको बसोबास छ। यसका अलवा यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, नेवार, दमै, कामी, सार्की, गन्धर्व, गुरुङ, बोटे-माझी, मुस्लिम, आदिको मुख्य बसोबास रहेको छ ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय तहको जनप्रतिनिधिको लागि पहिलो निर्वाचन २०७४ सालमा सम्पन्न भएको थियो भने दोस्रो निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न भएको छ। यस निर्वाचनमा भाग लिनु हुने सम्पूर्ण मतदाताहरुमा विशेष धन्यवाद दिन चाहन्छु भने निर्वाचन सम्पन्न गर्न सहयोग गर्नु हुने राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकारहरु लगाएत सम्पूर्ण सरोकारवालाहरु प्रति धन्यवाद दिदै आभार व्यक्त गर्दछु ।

यस महत्वपूर्ण अवसरमा रम्भा गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँ अधिवेशन समक्ष प्रस्तुत गर्न पाउदा ज्यादै हर्षित छु। यस नीति तथा कार्यक्रममा विशेष त आय आर्जनका कार्यक्रमहरु, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन, व्यवसाय तथा भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई विशेष जोड दिदै सम्मानित गाउँ अधिवेशन समक्ष आ.व.०७९/८० को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु ।

संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारहरुको मुख्य उद्देश्य सम्पूर्ण नागरिकलाई आर्थिक दृष्टिकोणले आत्मनिर्भर र स्वावलम्वी बनाउने उद्देश्य राखेर अगाडी बढिरहेको सन्दर्भमा रम्भा गाउँपालिकाले "रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान " भन्ने नारालाई साकार बनाउने गरी आर्थिक वर्ष ०७९/०८० को नीति तथा कार्यक्रम र वजेटलाई केन्द्रित गर्न लागिएको जानकारी गराउन चाहन्छु । आर्थिक वर्ष ०७९/०८० को नीति तथा कार्यक्रम तपसिलमा उल्लेख गर्न चाहन्छु ।

## १.कृषि तथा पशु पालन :

- ❖ वेरोजगारी अवस्थामा रहेको युवा जनशक्तिलाई कृषि तथा पशुपालन व्यवसायमा उन्मुख बनाई आत्म निर्भर र स्वावलम्वी बनाउने उद्देश्यका साथ कृषि तथा पशुपालनलाई उच्च प्राथमिकता दिदै कृषि तथा पशु विकास कार्यक्रमलाई गैरसरकारी संस्थासंग साझेदारी रुपमा गरिदै आएकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ कृषि तथा पशुपालन पेसालाई प्रवर्द्धन गर्ने यस क्षेत्रमा प्राप्त हुने साधन र स्रोतको उच्चतम प्रयोग गरी संचालन गरिने घरेलु उद्योग व्यवसायहरुलाई बढी प्रभावकारी बनाउने उद्देश्यका साथ सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिनुका साथै थप प्रभावकारी बनाइनेछ ।
- ❖ कृषि पेशालाई आधुनिक एवं वैज्ञानिक बनाउन अनुदानमा आधुनिक कृषि औजारहरु उपलब्ध गराउने कार्यक्रमलाई थप प्रभवकारी बनाइने छ ।
- ❖ प्रत्येक व्यक्तिलाई उत्पादनसंग जोडी आत्म निर्भर र स्वावलम्वी बनाउन उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउनुका साथै यस कार्यक्रममा पशुजन्य उत्पदान तथा कृषिजन्य उत्पदानलाई समावेश गरिनेछ ।
- ❖ कृषि उत्पादकत्व वृद्धि गराउन उन्नत जातका विउ उत्पदानमा जोड दिदै अनुदानमा विउ उपलब्ध गराउने तथा जैविक मल उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।
- ❖ रम्भा गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउन विगत वर्ष देखि आलुको विउमा दिदै आएको अनुदानमा वृद्धि गर्ने र उत्पादित आलु संरक्षण गर्न संचालनमा ल्याइएको शीत भण्डारमा सम्बन्धित कृषकहरुबाट भण्डारण गरे भण्डारणको भाडामा छुट प्रवन्ध मिलाइनेछ साथै आलुको विउको उत्पादनमा जोड दिइनेछ ।
- ❖ 'एक घर पाँच फलफुल' भन्ने नारालाई अगाडी सार्दै युवा जनशक्तिलाई व्यावसायिक फलफूल खेती तर्फ आकर्षित गराउन आँप, लिची, कागती, सुन्तला, जुनार, अमिलो, अनारका विरुवा अनुदानमा उपलब्ध गराउने तथा लिची र कागतीको ब्लक स्थापना गर्ने कार्यक्रममा जोड दिनुका साथै खाली सावर्जनिक जग्गामा समेत फलफूलका विरुवा लगाउने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ ।

- ❖ रैथाने बाली प्रवर्द्धन गर्ने उद्देश्यका साथ अदुवा, बेसार, सूर्यमुखी, कुरीलो जस्ता खेतीहरु व्यवसायिक रुपमा गर्ने कृषकका लागि विशेष अनुदानको व्यवस्था मिलाइने छ ।
- ❖ कृषि उपज संकलन केन्द्रलाई संचालनमा ल्याई कृषि एम्बुलेन्स थप गरी कृषि सहकारीको माध्यमबाट कृषि उत्पादन वजार सम्म पुऱ्याउने व्यवस्था मिलाईनेछ ।
- ❖ निर्माण भएको शीत भण्डारलाई थप व्यवस्थित गरिनेछ र यस आ.व,मा प्रदेश सरकारको साझेदारीमा रम्भा-१, को हुँगीमा एउटा शीत भण्डार निर्माण गर्ने कार्य अगाडी बढाइनेछ।
- ❖ खेती योग्य जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै खाद्यान्न उत्पादनमा वृद्धि गरी आत्म निर्भर बनाउनको लागि भूमि बैक स्थापना गरी भूमिहीन कृषकहरुलाई खेती गर्नका लागि निशुल्क भूमी उपलब्ध गराउने प्रकृया अगाडी बढाउनका लागि बाँझो जग्गा संकलन तथा व्यवस्थापन गर्ने नीति अगाडी बढाउदै उत्पादनमा जोड दिइनेछ ।
- ❖ कृषकहरुलाई पुरस्कृत तथा सम्मान गर्दै कृषि पेशालाई मर्यादित बनाउदै व्यवसायिकरणमा जोड दिईनेछ ।
- ❖ कृषकहरुलाई कृषि पेसा प्रति गौरवान्वित हुन तथा उत्पादनमा वृद्धि गर्न **र सो कार्यमा** प्रोत्साहित गर्न कृषि मेला प्रदर्शनी महोत्सव जस्ता कार्य गरिने छ।
- ❖ रम्भा गाउँपालिकालाई दुध, मासु र अन्डामा आत्मनिर्भर गाउँपालिका बनाउन गाई, भैसी, बंगुर, कुखुरा र बाख्रापालन व्यवसायलाई दिदै आएको अनुदानलाई वैज्ञानिक एवं थप व्यवस्थित बनाइनेछ साथै फोक्सिङकोटमा बाख्रा अनुसन्धान केन्द्र स्थापनागर्ने कार्य आगाडी बढाइनेछ ।
- ❖ व्यवसायिक पशुपालन पेशालाई प्रभावकारी बनाउन आधुनिक घाँस तथा पशु आहार स्पोइलेसको उत्पदान तथा व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।
- ❖ कृषि तथा पशुपालनलाई व्यावसायिकरण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा जोड दिइनेछ ।
- ❖ माहुरीपालन, मत्स्यपालन जस्ता पेशालाई प्रभावकारी बनाउन घार वितरण, गोला वितरण, भुरा वितरणमा अनुदानको व्यवस्था गर्ने कार्यक्रम ल्याइनेछ ।
- ❖ वस्ती तथा खेति योग्य क्षेत्रमा वृन्यजन्तुको नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।
- ❖ दुग्ध व्यवसायलाई प्रभावकारी बनाउन संचालनमा आएका डेरीहरुलाई थप व्यवस्थित बनाउदै आवश्यकता अनुसार डेरी स्थापना गर्ने तथा रम्भा-१, हुँगीमा चिस्यान केन्द्र संचालनमा ल्याइनेछ ।
- ❖ पशुपालन पेसालाई सुरक्षित गर्न पशुपंक्षी वीमा तथा कृषि पेशा प्रति बढी आकर्षित बनाउन कृषि ऋणको विमा गर्ने कार्य अगाडी बढाइनेछ ।
- ❖ कृषि सहकारीमा आधारित भई कृषियान्त्रीकरण तथा पूर्वाधार विकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

- पक्की पोखरी निर्माण,प्लास्टिक पोखरी,प्लास्टिक टनेल निर्माण तथा वितरण गर्ने कार्यलाई बढी प्रभावकारी बनाइनेछ ।
- पशुपालन व्यवसायलाई बढी प्रभावकारी बनाउन उन्नत जातका भैसी, राँगा, बाख्रा, बोका, बंगुर र कुखुरा वितरण गर्ने कार्यक्रममा अनुदानको व्यवस्था मिलानुका साथै नस्ल सुधार कार्यमा जोड दिइनेछ ।
- प्रदेश सरकारको साझेदारीमा स्मार्ट कृषि गाउँ कार्यक्रमलाई थप प्रभावकारी बनाउदै उक्त कार्यक्रमलाई सहकारीमा रुपान्तरण गर्ने कार्य अगाडी बढाइनेछ ।
- स्थानीय स्तरमा नै उन्नत जातका विउ विजन उत्पादन गर्ने कार्य शुरु गरिनेछ ।
- स्थानीय कृषि उपज संकलन गर्न रम्भा-४, हुमिनमा निर्माणाधीन कोशेली घर निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ ।
- माटो परीक्षण गर्नका लागि प्रयोग स्थापना तथा संचालन गर्ने कार्य अगाडी बढाइनेछ ।

## २. स्वास्थ्य :

- पूर्ण संस्थागत सुत्केरीको दिगोपना एवम् पूर्ण खोप सुनिश्चिता गराउदै COVID विरुद्धको खोप लगाउन छुटेका नागरिकहरुलाई अनिवार्य रुपमा खोप लगाउन लगाइनेछ साथै स्वास्थ्य संस्थामा संचालित वर्थिङ सेन्टरहरुलाई थप व्यवस्थित गर्दै सामुदायिक स्वास्थ्य इकाईहरुमा पनि वर्थिङ सेन्टर संचालन गर्ने कार्यक्रम क्रमश अगाडी बढाइनेछ । बाहय खोप क्लिनिक भवन निर्माण हुन बाँकी रहेका स्थानमा भवन निर्माण कार्य अगाडी बढाइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा संचालनमा ल्याइएका प्रयोगशालाहरुमा गत वर्षबाट प्रारम्भ गरिएको निशुल्क सेवालाई निरन्तरता दिइनेछ साथै एक्सरे सेवा तथा अल्ट्रा साउण्ड सेवा निशुल्क संचालनमा ल्याइनेछ ।
- आवश्यक आधारभूत तथा नसर्ने रोगहरु (दीर्घ रोगीहरु) को औषधिको व्यवस्था मिलाइने छ ।
- पूर्ण संस्थागत सुत्केरीको अवस्थालाई दिगोपनाका लागि विगत वर्षमा प्रदान गरिदै आएको बच्चा र आमाको पोषण युक्त खानाका लागि रु.१,५००लाई यथावत राखी पोषणका लागि सुत्केरी आमालाई स्वास्थ्य संस्थाबाट सुक्ष्म पोषक तत्व भएको न्यूट्रिमा पाउडर उपलब्ध गराइने छ ।
- गर्भवती मातृ र नव शिशुको पोषणलाई ध्यानमा राखी अन्डा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गर्भवती महिलाहरुलाई सुत्केरी हुने अवस्था स्वास्थ्य संस्थासम्म ल्याई**पुऱ्याउन नि:शुल्क एम्वुलेन्स** तथा अन्य यातायातका साधनको व्यवस्था मिलईनेछ । साथै स्थानीय स्वास्थ्य (वार्थिङ सेन्टर) बाट अन्य स्वास्थ्य संस्थाहरुमा प्रेषण भएमा पनि सो स्थान सम्म **पुऱ्याउन** निशुल्क यातायातको व्यवस्था मिलाइनेछ ।

- ❖ महिला स्वास्थ्य स्वयंसेविका तथा पोषण सहयोगी सहजकर्तालाई फोहोर मैलासम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन गरे वापत यातायात तथा खाजा खर्चको व्यवस्था मिलाईनेछ ।
- ❖ उमेरको हद पूरा गर्नु भएका महिला स्वास्थ्य स्वयंसेविकहरुलाई सम्मानजनक विदाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ महिला स्वास्थ्य स्वयंसेविकहरुलाई आफ्नो काम प्रति उत्प्रेरित बनाउनका लागि विगत वर्ष देखि दिदै आएको यातायात खर्च थप गरिने छ ।
- ❖ महिला स्वास्थ्य स्वयं सेविकालाई तथा पोषण सहयोगी सहजकर्ताहरुलाई निशुल्क स्वास्थ्य वीमालाई निरन्तरता दिइनेछ ।
- ❖ पोषण सहयोगी सहजकर्तालाई उपलब्ध गराइएको पोसाकको व्यवस्थालाई समयानुकुल बनाउदै निरन्तरता दिइनेछ ।
- ❖ जेष्ठ नागरिक, असक्त, अपांगको स्वास्थ्य उपचारलाई सरल सुलभ बनाइनेछ ।
- ❖ स्वास्थ्यको पहुँच जनताको घर-घरमा पुर्‍याउने उद्देश्यका लागि गत वर्षहरुमा संचालित सामुदायिक स्वास्थ्य इकाईहरुलाई थप व्यवस्थित बनाउदै गत आ.व.मा निर्णय भएका सामुदायिक स्वास्थ्य इकाईरु स्थापना तथा संचालनमा ल्याइनेछ ।
- ❖ विरामीको चापलाई मध्यनजर राखी गतवर्ष हुँगी स्वास्थ्य चौकीमा चिकित्सकको व्यवस्था गरिएकोमा सो कार्यलाई निरन्तरता दिदै हुँगी स्वास्थ्य चौकी र ताहुँ प्राथमिक स्वास्थ्य केन्द्रमा डिजिटल एक्सरेको व्यवस्था तथा अल्ट्रा साउण्ड सन्चालनमा ल्याउनुका साथै उक्त कार्यलाई क्रमश : अरु स्वास्थ्य संस्थामा विस्तार गर्दै लैजाने नीति लिईने छ ।
- ❖ विपन्न परिवार, अपाङ्ग तथा एकल महिलाहरुका साथै अन्य परिवारमा समेत स्वास्थ्य वीमा कार्यक्रमलाई विस्तार गरिने छ।
- ❖ मुटु, मृगौला र क्यान्सर रोगीहरूलाई यातायात खर्च वापत दिदै आएको रकमलाई निरन्तरता दिइने छ ।
- ❖ सवै स्वास्थ्य संस्थाहरुमा संचालनमा ल्याइएको इन्टरनेटलाई सुचारु गर्दै स्वास्थ्य व्यवस्थापन प्रणालीलाई अनलाईनबाट इन्ट्री गर्ने कार्यलाई अझ प्रभावकारी बनाउदै लगिनेछ।
- ❖ स्वास्थ्य सेवाको पहुच विस्तार गर्न थप एम्वुलेन्सको व्यवस्था मिलाइने छ । गाउँपालिकाबाट संचालन गरिने हरेक कार्यक्रम सुनौलो हजार दिनका आमाहरुको पोषण प्रवर्द्धन हुने गरी कार्यक्रम संचालन हुदै आएकोमा यस्ता कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- ❖ पोषणको क्षेत्रमा गाउँपालिका तथा साझेदार संस्थाहरुबाट हुदै आएका प्रभावकारी कार्यहरुलाई निरन्तरता दिइनेछ ।

- ❖ पोषण सम्बन्धि कार्यक्रमलाई जोड दिदै आर्थिक वर्ष ०७९/०८० मा गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका घोषणा गर्ने कार्य अभियानको रुपमा अगाडि बढाइनेछ यसका लागि पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई बढी सक्रियबनाइनेछ ।
- ❖ परिवार नियोजन तर्फ स्मार्ट दम्पत्ती सम्मान कार्यक्रम यस आ.व.०७९/०८० मा एक वा दुई सन्तान जन्माई स्थायी परिवार नियोजन मिनि ल्याप वा भ्यासेक्टोमी गरेका दाम्पत्तीहरुलाई मेडिकल प्रमाणको आधारमा कम्तीमा ५ दम्पतिलाई नगद रु.१०,०००/ सहित स्मार्ट दम्पत्ती सम्मान पत्रद्वारा गाउँपालिका स्तरमा सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ आयुर्वेदिक स्वास्थ्य सेवामा समेत विशेष जोड दिदै स्थापना गरिएको आयुर्वेद अस्पताल तथा नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गरिन्छ साथै जडीबुटी पहिचान उचित व्यवस्थापनगर्ने कार्यमा जोड दिइनेछ ।
- ❖ विद्यालय तथा समुदायसम्म योग शिक्षालाई व्यापक तथा गुणस्तरीय बनाइनेछ ।
- ❖ सुरक्षित गर्भपतन सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्यकर्मीलाई समयानुकुल तालिमको प्रवन्ध मिलाइनेछ ।
- ❖ एकीकृत घुम्ती स्वास्थ्य शिवीर संचालनमा ल्याइनेछ ।
- ❖ विद्यालयमा विद्यर्थीहरुको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराउने तथा विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्थापन गरी स्वास्थ्य शिक्षा संचालन गर्ने कार्यमा जोड दिइनेछ ।
- ❖ रम्भाबासी सबै नागरिकहरुको दुर्घटना विमाको व्यवस्था गरिनेछ ।

## ३. शिक्षा :

- ❖ 'प्राविधिक शिक्षा आजको आवश्यकता' भन्ने नारालाई आत्म सात गरी स्थापना भएको जन कल्याण माध्यमिक विद्यालयको प्राविधिक शिक्षा (कृषि बाली विज्ञान) लाई थप व्यवस्थित गर्दै यस आर्थिक वर्षमा रम्भा माध्यमिक विद्यालय ताहुँमा ईन्जिनियरिङ्ग विषयको प्राविधिक शिक्षा संचालनमा जोड दिइनेछ ।
- ❖ विद्यालयहरुमा कम्प्यूटरको व्यवस्था गर्दै, ईन्टरनेट तथा स्मार्ट बोर्डको जडान गरी विद्यालयको पठनपाठनलाई सूचना प्रविधिमैत्री बनाउन प्रविधिमैत्री शिक्षामा विशेष जोड दिइनेछ ।
- ❖ कम्प्युटर शिक्षा, अंग्रेजी माध्यमको शिक्षा, संस्कार सहितको शिक्षामा विशेष जोड दिइनेछ । साथै अंग्रेजी माध्यमबाट कक्षा संचालन भएका विद्यालयहरुलाई थप प्रोत्साहन दिईने छ।
- ❖ सबै विद्यालयहरु बालमैत्री विद्यालय घोषणा भइसकेको हुँदा बालमैत्री विद्यालयका दिगोपनाका लागि थप कार्यक्रम ल्याइनेछ। साथै प्रत्येक वडामा स्थापना भएका नमूना विद्यालयहरुलाई थप व्यवस्थित गर्दै अन्य विद्यालयहरुलाई सोही अनुसार अनुसरण गर्ने वातावारण बनाइनेछ ।

- ❖ सामुदायिक विद्यालयमा विद्यार्थी भित्र्याउने, टिकाउने, सिकाउने र विकाउने नीति अवलम्वन गरी सार्थकता प्रदान गर्न कक्षा९ सम्म दिवा खाजा कार्यक्रम र माध्यमिक तह सम्म संस्थागत विद्यालयमा पठनपाठन गर्ने विद्यार्थीहरुलाई समेत सामुहिक दुर्घटना वीमा **गर्ने नीतिलाई व्यवस्था मिलाइनेछ।**
- ❖ "आफ्नो विद्यालय आफै बनाऊ बालबालिकासंग हामी रमाऊ" भन्ने नारालाई सार्थक बनाउन अतिरिक्त क्रियाकलाप पुरस्कार, छात्रवृत्ति, अभिभावक शिक्षा, शैक्षिक सामाग्री वितरण खेलकुद तथा हरित विद्यालय बनाउने जस्ताकार्यक्रमलाई जोड दिनुका साथै यस आ.व.बाट विद्यालय भित्र अभिभाव कार्यक्रम संचालन गरिनेछ।
- ❖ विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मतका साथै विद्यलयहरुलाई एकै प्रकारका रंगरोगन लगाउने कार्यमा जोड दिइनेछ।
- ❖ समयानुकुल शिक्षकहरुलाई क्षमता विकासको लागि तालिमको व्यवस्था गरी पेशा प्रति उत्तरदायी बनाउन पुरस्कार सम्मान, शिक्षक तथा कर्मचारीहरुलाई शैक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ।
- ❖ प्रधनाध्यापकतथा विद्यालय व्यवस्थापन समितिका लागि नेतृत्व विकास सम्बन्धि तालिमको व्यवस्था मिलाईने छ।
- ❖ दलित, अति विपन्न परिवार तथा लोपोन्मुखजातिका विद्यार्थीहरुलाई विद्यालयमा भित्र्याउने र टिकाई राख्नका लागि माथि उल्लेखित कार्यक्रमका अलवा प्रोत्साहन गराउने खालका कार्यक्रमहरु समेत ल्याइने छ।
- ❖ सामुदायिक विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा देखिएका समस्याहरुलाई संबोधन गर्न विशेष व्यवस्था गरिने छ।
- ❖ बालविकास केन्द्रहरुको स्थापना, संचालन तथा व्यवस्थापनमा जोड दिदै बालविकास सहजकर्ता, विद्यालयसहयोगी र कर्मचारीका लागि समयानुकुलसेवा सुविधामा थप गरिने छ। साथै क्षमता विकास सम्बन्धि तालिमको व्यवस्था मिलाइनेछ।
- ❖ विद्यालयहरुमा शिक्षकलाई थप जिम्मेवार बनाउन विद्युतिय हाजिरी तथा सिसी क्यामेराको व्यवस्थापन गने कार्यमा जोड दिइने छ।
- ❖ रम्भा गाउँपालिकाको शैक्षिक आवधिक योजनालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ।
- ❖ सस्कार सहितको शिक्षालाई साकार बनाउन कालिगण्डकी गुरुकूलमलाई थप व्यवस्थित गर्दै क्रमश: मा.वि.तह सम्म स्तरोन्नती गरिने छ।
- ❖ एक विद्यालय एक योग श्रोत शिक्षकको व्यवस्था गरी प्रत्येक विद्यलालाई योग शिक्षा दिलाउने कार्य गरिने छ।
- ❖ महिलाहरुको क्षमता अभिवृद्धि गर्न छोरी बुहारी शिक्षा कार्यक्रममा विशेष जोड दिइनेछ।
- ❖ रम्भा बहुमुखी क्याम्पसलाई थप व्यवस्थित गर्दै लगिनेछ।

- ❖ विद्यालयहरुमा स्काउट कार्यक्रम संचालनमा ल्याइने छ ।
- ❖ विद्यालयमा पोषण, स्वास्थ्य तथा सरसफाईका क्षेत्रमा एकीकृत योजना लागु गर्ने नीति ल्याइने छ ।
- ❖ किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी तालिमलाई विस्तार गर्दै लगिने छ ।
- ❖ विद्यालयमा प्रयोग भएका सेनेटरी प्याडको उचित व्यवस्थापन गरिने छ ।
- ❖ विद्यालयहरुलाई जंकफुड निषेधित क्षेत्र बनाउने कार्य अगाडी बढाइने छ ।
- ❖ सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न परीक्षा, अनुगमन तथा मुल्यांकन प्रणालीलाई थप व्यवस्थित गरिने छ ।
- ❖ सम्पूर्ण शिक्षक, कर्मचारी तथा सहयोगीहरुका लागि दुर्घटना वीमाको व्यवस्था मिलाइनेछ ।
- ❖ गुणस्तरीय विज्ञान प्रयोगशाला, पुस्तकालय स्थापना तथा संचालनमा जोड दिइनेछ ।
- ❖ प्रविधिमैत्री शिक्षाका लागि एक शिक्षक एक ल्यापटपको अवधारणालाई क्रमश सवै शिक्षकलाई व्यवस्था मिलाइने छ । यसका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ स्थानीय पाठ्यक्रम **"हाम्रो रम्भा"** तथा पाठ्यपुस्तक तयार भइसकेको हुँदा यस शैक्षिक सत्रमा कक्षा २ मा पठनपाठन शुरुवात गरिनेछ ।
- ❖ बालविकास केन्द्रहरुलाई क्रमश: नमूना बालविकास केन्द्रको रुपमा विकशित गर्दै लगिनेछ ।
- ❖ जोखिममा परेका बालबालिका, असाहय बालबालिकाहरुको पठनपाठनको सुनिश्चिताका लागि विशेष कार्यक्रम अगाडी बढाइनेछ ।
- ❖ विद्यालयलाई सवल एवं सुदृढ बनाउन शैक्षिक योजना निर्माण र कार्यान्वयनमा जोड दिइनेछ ।
- ❖ प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीलाई विशेषछात्रवृत्तिको व्यवस्था मिलईनेछ ।
- ❖ विद्यार्थीसंग करेसाबारी कार्यक्रमलाई निरन्तरता दिनेइछ ।

## ४. खानेपानी तथा सरसफाई :

- ❖ स्वच्छ पिउने पानीको उपलब्धताका लागि एक घर एक धाराको व्यवस्था गर्ने नीतिलाई कडाईका साथ अवलम्वन गर्दै संचालनमा रहेका तर सम्पन्न हुन बाँकी रहेका लिफ्ट खानेपानी तथा ग्राविटी खानेपानीका आयोजनाहरुलाई तत्काल सम्पन्न गराई र बाँकी आयोजनाहरु यस वर्ष अनिवार्य रुपमा शुरु गराइने छ ।
- ❖ स्वच्छ जीवनका लागि सुरक्षित पिउने पानी भन्ने अभियानलाई साकार बनाउन विगत वर्षबाट प्रारम्भ गरिएको फिल्टरको पानी तथा उमालेको पानी प्रयोग गर्ने विषयलाई पूर्ण रुपमा व्यावहारमा लागु गर्दै आर्थिक वर्ष ०७९/०८० मा पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्ने तथा यसको दिगोपनका लागि विशेष कार्यक्रम अगाडी ल्याईनेछ ।

❖ कुनै पनि नयाँ सार्वजनिक संरचना निर्माण गर्दा शौचालय, खानेपानी तथा हात धुने स्थानको व्यवस्थापन गरिने छ साथै अपांग मैत्री र बालमैत्री संरचनाहरु बनाइने छ ।

❖ प्राकृतिक मुलहरु संरक्षण तथा आगलागीबाट बचाई राख्नका लागि वर्षादको पानी संकलन गर्न पोखरी निर्माण कार्यमा जोड दिइनेछ ।

❖ यस आर्थिक वर्षमा खानेपानी तथा सरसफाई स्वच्छता योजना (वास) बमोजिम बाँकी रहेका आयोजनाहरु संचालन गर्न विशेष जोड दिइनेछ ।

❖ फोहोर मैला व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

❖ लिफ्टिङ्ग खानेपानीमा लाग्ने न्युनतम शुल्क गाउँपालिकाबाट बुझाउने व्यवस्था मिलाइनेछ ।

❖ पूर्ण सरसफाई उन्मुखगाउँपालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गत वडा नं. ३ लाई घोषणा गरी यस आ.व.मा गाउँपलिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गरिने ।

## ५. सिंचाई :

❖ कृषि उत्पादकत्व वृद्धि गर्न कृषकहरुलाई आत्मनिर्भर र स्वावलम्वी बनाउन स्थलगत सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई तथा भूमीगत सिंचाई आयोजनाहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

❖ रम्भा गाउँपालिका भित्र संचालनमा ल्याइएका विभिन्न स्थानका परम्परागत कुलाहरुको मर्मत तथा विस्तारका लागि विशेष योजना अगाडी बढाइने छ ।

❖ साना सिंचाई आयोजनाहरु व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

❖ सिंचाइको लागि खेर गएको पानी व्यवस्थापन गरी आवश्यक बाँधको निर्माण गर्ने काममा जोड दिइनेछ ।

❖ साना सिंचाई कार्यक्रम अन्तर्गत अधुरो अवस्थामा रहेका साना कुलाहरुलाई सम्पन्न गर्ने कार्यमा जोड दिइनेछ ।

❖ कालीगण्डकीबाट लिफ्टिङ्ग सिचाईका लागि सम्भावित सिंचाई क्षेत्रहरुको संभाव्यता अध्ययन पुरा भएका क्षेत्रमा लिफ्टिङ्ग सिचाई आयोजना संचालनमा ल्याइनेछ भने बाँकी स्थानहरुमा सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तैयार गरिने छ ।

❖ वस्ती तथा खेतियोग्य जमिन नदी कटानबाट सुरक्षित गर्न नदी नियन्त्रण गर्ने कार्यमा जोड दिइनेछ ।

## ६. विद्युत :

❖ बाँकी रहेका काठका पोलहरुलाई विस्थापित गरी स्टिल पोलको व्यवस्थापन गरिने छ ।

❖ विद्युत लाइनलाई स्तरीकरण गर्ने कार्यमा जोड दिइनेछ ।

❖ यस आ.व.मा टुकीरहित उज्यालो गाउँपालिका घोषणा गरिनेछ ।

## ७. भवन :

❖ भवन निर्माण गर्दा घर नक्शापास (भवन संहिता) गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

❖ भवन निर्माण गर्दा अनिवार्य रुपमा बालमैत्री अपाङ्गमैत्री, भूकम्प प्रतिरोधी बनाउन लगाइनेछ ।

❖ वडा कार्यालयलाई थप व्यवस्थित गर्ने सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण कार्य अगाडी बढाइनेछ ।

## ८. सडक :

❖ रम्भा गाउँपालिकालाई सडक संजालमा जोडिन बाँकी रहेका क्षेत्रहरुलाई सडकको पहुँच पुऱ्याउने तथा अधुरा कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

❖ यस आ.व.लाई सडक स्तरोन्नती वर्षको रुपमा अगाडी बढाउन ट्र्याक खुलेका सडकहरुमा पक्की नाली निर्माण गर्ने, ग्रावेल गर्ने, ग्रेड मिलाउने तथा पक्की गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

❖ संचालनमा आएका सडकहरुलाई बाह्रै महिना नियमित रुपमा संचालन गर्न विगत वर्ष देखि संचालनमा ल्याईएको मर्मत संभार विशेष कोषलाई निरन्तरता दिदै उक्त कोषबाट खर्च गरी संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिनुका साथै बाटो हेरचाह गर्नका लागि lanth man को व्यवस्था गर्ने कार्यलाई क्रमश थप गर्दै लगिनेछ ।

❖ गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा यातायातको पहुँचलाई सुलभ व्यवस्थित गरिनेछ।

❖ रम्भा गाउँपालिका भित्र पर्ने सिद्धार्थ आर्थिक कोरीडोर, कालीगण्डकी कोरीडोर, **आर्यभञ्ज्याङ्ग** रामपुर सडकको सामान्य मर्मत दोहोरो खर्च नपर्ने गरी गरिनुका साथै यस क्षेत्रका बासिन्दाको आर्थिक समृद्धि गर्न उत्पादनमा जोड दिइनेछ ।

❖ सडकको मापडण्ड मिच्ने, सार्वजनिक जग्गा मिच्ने जस्ता कार्यलाई रोक लगाउन यस आ.व.बाट घर जग्गा नक्शा पास गर्ने कार्य अगाडी बढाइनेछ ।

❖ सडक दुर्घटना कम गर्न जोखिमपूर्ण यात्रालाई निरुत्साहित गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

❖ सडक बत्ती व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै थप व्यवस्थित गराइने छ ।

## ९. सहकारी :

❖ गाउँ-गाउँमा सहकारी घर-घरमा रोजगारी भन्ने नारालाई सफल बनाउन गाउँपालिका भित्र संचालित सवै सहकारीहरूलाई संस्थागत विकास गर्दै सम्बर्द्धन गरिनेछ ।

❖ कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरु मार्फत विभिन्न प्रकारका आय-आर्जन तथा सीपमूलक तालिमहरु संचालनमा ल्याउनुका साथै उत्पादनमा आधारित अनुदानको वितरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

- ❖ स्थानीय साधन स्रोतको उच्चतम उपयोग गरी स्थापना हुने घरेलु तथा साना उद्योगहरुलाई समेत सहुलियतव्याजदरको कर्जा प्रवाह गर्ने तथा यस्ता कार्यक्रमलाई थप प्रोत्साहित गरिनेछ ।
- ❖ सहकारी संस्था तथा अन्य वित्तीय संस्थाहरु मार्फत व्यावसायिक कृषि तथा पशुपालन, सीप अनुसारको साना उद्योग तथा व्यवसाय संचालन गर्नका लागि आवश्यक कर्जा सहुलियत व्याजदरमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ कृषकका लागि आवश्यक पर्ने उन्नत विउ विजन, मल, किटनासक औषधीहरु कृषि सहकारीहरु मार्फत वितरण गर्ने तथा कृषि उत्पादनलाई विक्री वितरण गर्ने कार्यमा समेत कृषि सहकारीलाई सकृय बनाइने छ ।
- ❖ विद्यलय तथा समुदाय स्तरमा वित्तिय साक्षरता कार्यक्रम संचालन गरिने छ ।

## १०. पर्यटन :

- ❖ पर्यटन **प्रवर्द्धन** गर्नका लागि कालीगण्डकी नदीमा **र्‍याफ्टीङ्ग** कार्य संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।
- ❖ आय-आर्जनको मुख्य श्रोत पर्यटन व्यावसाय भएको हुँदा रम्भा गाउँपालिका भित्र रहेका धार्मिक एवं पर्यटकीय गन्तव्य स्थलको पहिचान, गुरुयोजना निर्माण तयार संरक्षण तथा विस्तार गर्ने कार्यमा उच्च प्राथमिकता दिइनेछ ।
- ❖ पर्यटन क्षेत्रको प्रचार प्रसारको लागि रम्भादेवी, रिमिघा र कालीगण्डकी महोत्सव जस्ता कार्यक्रम संचालन ल्याईने छ ।
- ❖ पर्यटन व्यावसायको मेरुदण्डको रुपमा रहेको होमस्टे व्यावसाय संचालनमा ल्याईनेछ ।
- ❖ कालीगण्डकी उपत्यकाको एकीकृत विकास गर्न गुरुयोजना तयारी गर्ने तथा पवित्र कालीगण्डकी नदी संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- ❖ रम्भादेवी मन्दिर, रिमिघा लेकको एकिकृत विकासका लागि गुरुयोजना तैयार भै योजना संचालन भएको हुँदा उक्त कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ पर्यटन **प्रवर्द्धन** गर्नका लागि PPP (3P) मोडल अगाडी ल्याइने छ ।
- ❖ कालीगण्डकी नदी देखि रिमिघा लेक सम्म जान केवल कार संचालनको संभाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाइनेछ ।

## ११. लक्षित :

- ❖ वेरोजगारी युवाहरुलाई मागमा आधारित सीपमुलक तालिमको व्यवस्था गरी सो सीप अनुसारको व्यवसाय संचालन गर्न उत्प्रेरित गरिनेछ र त्यस्ता व्यवसाय संचालन गर्न सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराइनेछ तथा थप प्रोत्साहित गर्ने कार्यमा जोड दिइनेछ ।

- ❖ मागको आधारमा स्वरोजगारमुलक तालिमको व्यवस्था गरी लक्षित वर्गलाई आत्म निर्भर र स्वावलम्वी बनाउने कार्यमा उच्च प्राथमिकता दिइनेछ ।
- ❖ तालिम प्राप्त गरी सो कार्यक्रम संचालन गर्ने युवा तथा महिलाहरुलाई व्यावसायिक कामका लागि विशेष अनुदानको व्यवस्था मिलाइने छ ।
- ❖ युवाहरुको सर्वांङ्गीण विकासलाई ध्यानमा राख्दै यस आ.व.मा गाउँपालिका स्तरीय रनिङ शिल्ड प्रतियोगिता लगायतका खेलकूदका कार्यक्रम संचालन गरिनेछ साथै कम्तीमा १ वडा १ खेल मैदान निर्माण तथा स्तर उन्नतीमा जोड दिनुका साथै निर्माणधिन पालिका स्तरीय खेल मैदानहरूलाई पुरा गरिनेछ ।
- ❖ आवश्यक खेलकुदका सामग्रीहरुको व्यवस्थापनमा प्राथमिकता दिइनेछ ।
- ❖ विभिन्न प्रकारका दिवस अन्तराष्ट्रिय नारी दिवस, नेपाल मगर दिवस, छुवाछुत मुक्त दिवस, अपाङ्ग दिवस, तीज गीत प्रतियोगिता जस्ता कार्यक्रमलाई निरन्तरता दिदै उक्त दिवसहरु वडा स्तर सम्म संचालन गरिनेछ ।
- ❖ जेष्ठ नागरिक सम्मानतथा घरमै पुगी औषधि उपचार गर्ने आवश्यक औषधीको प्रवन्ध गर्ने तथा पौष्टिक खाद्य सामग्री उपलब्ध गराइनेछ ।
- ❖ जेष्ठ नागरिक परिचय पत्र तथा अपाङ्ग परिचय पत्रहरु घरमै पुगी वितरण गर्ने कार्यलाई निरन्तरता दिदै व्यवस्थित बनाइनेछ ।
- ❖ जेष्ठ नगरिकहरुका लागि भेटघाट हुने स्थानका लागि जेष्ठ नागरिक प्रवचनालय स्थापना तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइने छ ।
- ❖ जोखिममा परेका बालबालिका, असहाय बालबालिकाको उद्दार पुनर्स्थापनामा जोड दिनुका साथै बालश्रमको अन्त्य गर्ने कार्य कडाईका साथ अगाडी बढाइने छ ।
- ❖ वेरोजगारी अवस्थामा रहेका नागरिकहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट कम्तिमा १५० जनालाई १०० दिन बराबरको रोजगार उपलब्ध गराइनेछ ।
- ❖ रोजगार केन्द्रलाई थप सुदृढ बनाउदै श्रम वैंकको रुपमा स्थापित गरिनेछ ।
- ❖ बालमैत्री गाउँपालिका दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजनालाई कार्यन्वयनमा ल्याइनुका साथै निरन्तर अनुगमन गरिनेछ ।
- ❖ बालविवाह मुक्त गाउँपालिकाका लागि थप सचेनामुलक कार्यक्रम समुदाय तथा विद्यालय स्तरमा संचालन गरिने छ ।
- ❖ आदिवासी जनजातीहरुको संस्कृति संरक्षण तथा सशक्तिकरणका कार्यक्रममा जोड दिइनेछ ।
- ❖ लोप हुन लागेको मगर भाषाको संरक्षण तथा संवर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।
- ❖ छुवाछुतमुक्त गाउँपालिका व्यावहारिक रुपमै कार्यन्वयन गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

❖ सीपमुलक तालिम प्राप्त गरी पछाडी परेका दलित समुदाय तथा लोपोन्मुख समुदायलाई आय-आर्जनको काममा लगाउनका लागि विशेष व्यवस्था गरिनेछ।

❖ लैंगीक हिंसा तथा सामाजिक समावेशीकरण कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।

❖ एकल महिलाहरुका लागि आयआर्जन सम्बन्धि कार्यक्रमहरु अगाडी बढाइने छ भने एकल पुरुषहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गरिनेछ ।

❖ परम्परागत पेशालाई सुदृढिकरण गर्दै पेसालाई मर्यादित एवं आकर्षित बनाउने कार्यमा जोड दिइनेछ ।

❖ युवाहरुलाई निजामती सेवा, शिक्षा सेवा तर्फ भित्र्याउन तथा सुरक्षा निकायमा भर्ना हुनका लागि तयारी कक्षाहरु संचालन गर्ने कार्यक्रम ल्याइने छ ।

❖ फरक क्षमता भएका व्यक्तिहरुलाई उच्च सम्मान गर्दै निजहरुको सशक्तिकरणमा जोड दिइनेछ ।

❖ रम्भा गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका बनाइनेछ ।

❖ "ग" र "घ" वर्गका अपाङ्गहरुलाई समेत सामाजिक सुरक्षाक कार्यक्रम समावेश गरिनेछ ।

❖ प्रत्येक वादमा १/१ वटा बाल उद्यम स्थापना गरिनेछ ।

## १२. घरेलु तथा साना उद्योग :

❖ स्थानीय साधन, श्रोत, सीप एवं प्रविधिलाई वढवा दिई व्यावसायिक उत्पादनमा अग्रसर बनाईने छ यस्ता कार्यक्रम गर्ने व्यवसायी तथा उद्यमीलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ ।

❖ स्थानीय कृषि उत्पादनको बजारीकरणको व्यवस्थापनमा जोड दिइनेछ । यसका लागि कृषि एम्वुलेन्स क्रमश सबै वडामा संचालन गरिनेछ ।

❖ घरेलु तथा साना उद्योग स्थापना, घरेलु इट्टा उद्योग स्थापना तथा संचालनलाई उच्च प्राथमिकता दिइनेछ ।

❖ संघीय सरकार, प्रदेश सरकारको साझेदारीमा रम्भा-१, हुँगीको अमिल्टारमा औधोगिक ग्राम संचालनमा ल्याइनेछ ।

❖ उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउदै उद्यमीहरुलाई सीप अनुसारका व्यवसाय संचालनका लागि थप प्रोत्साहनका कार्यक्रम ल्याइनेछ ।

## १३. वन तथा वातावारण :

❖ सडकको छेउ-छेउमा वृक्षारोपण गरी भूक्षय रोक्ने कार्यमा जोड दिइनेछ ।

❖ फोहोर मैला व्यवस्थापन कार्यलाई योजनावद्ध ढंगले अगाडी बढाइनेछ ।

❖ सामुदायिक वनहरुलाई गाउँपालिका भित्र सूचीकृत गरी वृक्षारोपण, जडीबुटी संरक्षण, साझेदारी रुपमा पौष्टिक तत्वले पूर्ण भएका घाँसहरु, दालचिनी, अम्लिसो, लिची, आँप जस्ता फलफूल खेतीगर्ने कार्य अगाडी बढाइने छ ।

❖ हरियाली गाउँपालिका बनाउने नीति लिइनेछ ।

❖ हरियो वन नेपालको धन भन्ने नारालाई साकार बनाउन राष्ट्रिय वन, सामुदायिक वन, निजी वन, धार्मिक वन क्षेत्रको वैज्ञानिक वन व्यवस्थापन गरी संरक्षण विकास तथा नियमानुसार उपयोग गर्ने कार्य अगा बढाइनेछ ।

## १३. विविध :

❖ योजनाहरुमा आर्थिक पारदर्शिता, गुणस्तरीयता तथा फरफारकमा आईपर्ने समस्यालाई समाधान गर्न उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि गर्ने तथा सरल छिटो छरितो गर्ने कार्य अगाडी बढाइनेछ ।

❖ योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकनलाई थप प्रभावकारी बनाइनेछ ।

❖ स्मार्ट रम्भा डिजिटल गाउँपालिका अवधारणालाई जोड दिइनेछ ।

❖ गुणस्तरीयताका साथ समयमा योजना सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने र आवश्यक थप रकमको व्यवस्था गर्ने कार्यक्रम ल्याइनेछ ।

❖ रम्भा गाउँपालिका भित्रबाट दिइने सेवा सुविधालाई छिटो, छरितो, सरल र प्रभावकरी बनाइने छ ।

❖ आर्थिक मितव्ययीता तथा पारदर्शीतालाई विशेष कडाईका साथ लागु गर्न र आर्थिक नियन्त्रण प्राणाली एवं आर्थिक अनुशासनलाई उच्च प्राथमिकता दिइनेछ ।

❖ एकीकृत घुम्ती शिवीर कार्यक्रम संचालन गरिनेछ ।

❖ गाउँपालिकालाई आन्तरिक आम्दानीमा सवल बनाउन अव्यवस्थित ढंगबाट रहेका प्राकृतिक साधन र श्रोतहरुको उच्चतम उपयोग गर्ने कार्यक्रम ल्याइ थप व्यवस्थित बनाउदै लगिने छ ।

❖ संचालनमा ल्याइएको गाउँ विकास कार्यक्रमलाई क्रमश: विस्तार एवं थप व्यवस्थित गरिनेछ ।

❖ वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेहरुको यथार्थ विवरण भूमी सम्बन्धि समस्या समाधान आयोगलाई उपलब्ध गराई यथासिघ्र जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउन विशेष पहल गरिनेछ ।

❖ सार्वजनिक जग्गाको संरक्षण गर्दै खाली जग्गालाई हराभरा गर्ने नीति अगाडी सारिने छ ।

❖ सूचना प्रविधिको विस्तार एवं प्रयोगमा जोड दिइनेछ ।

❖ स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधामा समयानुकुल थप गर्दै लगिने छ र ती कर्मचारीहरुका लागि कल्याण कोष तथा उपदान कोषको व्यवस्था गरिनेछ ।

❖ स्थानीय तहका कर्मचारीहरुको क्षमता विकासका लागि समयानुकुल तालिम,अवलोकन भ्रमण एवं पेशा प्रति कर्तव्यनिष्ट बनाउन सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

❖ प्रत्येक वडा कार्यालय तथा गाउँपालिकाबाट कर दाखिला अनलाईन सिष्टमबाट शुरुवात गरिनेछ ।

- कामको चापलाई मध्यनजर राख्दै अतिरिक्त काममा लगाउदा नियमानुसार थप सुविधाको व्यवस्था मिलाइनेछ ।
- जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस आ.व.मा खरको छाना मुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गत विशेष कारणले बाँकी रहेका घरहरुलाई खरको छानामुक्त गरी यथाशीघ्र खरको छानामुक्त गाउँपालिका घोषणा गरिने छ ।
- 'न्यायको पहुँच जनताको घर दैलोमा' भन्ने भनाइलाई साकार बनाउन न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गरिनेछ ।
- न्यायीक समितिलाई थप प्रभावकारी बनाउदै न्याय प्रणालीलाई सरल, छिटो छरितो, चुस्त दुरुस्त बनाइने छ ।
- दैविकप्रकोप न्यूनीकरण गर्न प्रतिकार्ययोजनालाई प्रभावकारी बनाउदै सचेतनामूलक कार्यक्रम संचालन गर्ने तथा उचित व्यवस्थापन गर्न प्रकोप विपद व्यवस्थापन कोषलाई मजवुद बनाइने छ साथै आपतकालीन सेवालाई संचालन गर्न QRT गठन गर्ने, तालिमको व्यवस्थापन गर्ने तथा आवश्यक सामग्रीको व्यवस्थापन गरी आवश्यक परेको बेला सेवा प्रवाह गर्न सकिने व्यवस्था मिलाइनेछ ।
- सुचनाको हक सम्बन्धि नीतिलाई प्रभावकारी कार्यान्वयनमा ल्याइने छ यसका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, पत्रकार भेटघाट तथा छलफल जस्ता कार्यक्रममा विशेष जोड दिइनेछ ।
- स्थानीय स्तरका पत्रकारहरुको क्षमता विकास गर्दै लगिने छ ।
- बढ्दो आत्म हत्याको दरलाई न्यूनीकरण गर्न सामाजिक मनोपरामर्शका कार्यक्रम संचालन गरिने छ ।
- समाजमा रहेका विसंगती र विकृती जस्तो लागुऔषध ओसारपसार जस्ता कार्यको अन्त्य गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई निरन्तरताका साथ थप प्रभावकारी गराउदै लगिने छ ।
- शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाउन सामुदायिक प्रहरी साझेदारी कार्यक्रम संचालनमा ल्याइनेछ ।
- पालिका स्तरीय साहित्यिक सम्मेलनको आयोजना गरिनेछ ।

**समाप्त**

**धन्यवाद !!**